"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

**प.सं.** ०८१/०८२
**च.नं.**

**सूचना ! सूचना !! सूचना !!!**

सूर्योदय नगरपालिका क्षेत्रभित्र रुख कटान आदेश प्राप्त गरी रुख कटान गर्दा गोलिया ढुवानी प्रयोजनका लागि अनाधिकृत रुपमा नयाँ ट्र्याक खोली गोलिया ढुवानी गर्ने गरेको, कटान गरिएका गोलियाहरू व्यवस्थित घाटगद्दि नगरी अव्यवस्थित रुपमा सडक, नाली खोला खोल्सीमा राख्ने गरेको पाइएकोले उक्त कार्यबाट मनसुनजन्य विपद्का घटनाहरू घट्ने भएको हुँदा त्यसरी राखिएका वन पैदावरहरू तुरुन्तै हटाई आजको मितिदेखि उक्त कार्य नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सूचनालाई अवज्ञा गरी उक्त कार्य गरे/ गराएमा कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ। साथै स्थानीय सडक व्यवस्थापन, सञ्चालन तथा नियमन सम्बन्धी ऐन (संशोधन सहित), २०७९ को दफा ४ बमोजिमका स्थानीय सडकहरूमा सोही ऐनको दफा ९ (१) बमोजिम (बाह्रमास चल्ने) ग्राभेल सडकको हकमा अधिकतम ८ टन वजन र उचाई २.८ मि. भन्दा बढी र स्थानीय कालोपत्रे सडकको हकमा अधिकतम १६ टन वजन र उचाई ३.२ मि. भन्दा बढी भार भएका LP लगायत हेभी सवारी साधनहरू सञ्चालन गर्न निषेध गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कसैले यो सूचना र स्थानीय सडक व्यवस्थापन, सञ्चालन तथा नियमन सम्बन्धी ऐन (संशोधन सहित), २०७९को उल्लङ्घन गरी सवारी साधन सञ्चालन गरेको पाइएमा ऐ.ऐ. ऐनको दफा १०ख. बमोजिम वा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

मिति: २०८१।०६।२१ गते

मिलन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत


सम्पर्क : ०२७ ५४०२१४, ५४०४७३ | Contact : +977 27 540214, 540473
E-mail: info@suryodayamun.gov.np, suryodayamun@gmail.com | Website: www.suryodayamun.gov.np